मार्मा गाउँपालिका राजपत्र

खण्डः१ संख्याः९ मितिः२०७४/१२/११

भागः२

# ”२०७४ विपद कोष व्यवस्थापन कार्यविधि“

## मार्मा गाउँपालिका
## लटिनाथ दार्चुला
## सुदूरपश्चिम प्रदेश नेपाल

**”२०७४ विपद कोष व्यवस्थापन कार्यविधि“**

**प्रस्थावना**

विपद्को दृष्टिकोणबाट नेपाल संसारकै संवेदनशील देशहरु मध्ये एक हो । अव्यवस्थित बसाई सराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली ,कृषिमा अव्यवस्थित चाप , जनसंख्याको बढ्दो चाप,अव्यवस्थित सहरीकरण, अदुरदर्शी भौतिक

संरचना निर्माण,जलवायु जन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणहरुले हरेक बर्ष हुने बाढी , महामारी, झाडापखाला, अनिकाल, आगलागी र भुकुम्भ जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । यस्ता प्रकारका विपदबाट जीउधन माथि भएको क्षती त छदैछ भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक , सामाजिक विकासमा समेत ठूलो नोक्सानी ब्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्युनीकरण गर्नकालागी स्थानीय सरकार संचालन सम्बन्धी ऐन २०७४ बमोजिम गाउँपालिका को कोषमा जम्मा भएको रकम गाउँपालिका विपद कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतीमा खर्च गर्दा प्रभावकारी हुने देखि विपदकोंष व्यस्थापन कार्यविधि २०७४ लागु गरिएको छ ।

**उदेश्यः–**

क) विपद् परकेका पीडितलाइ उद्धार र पुनः स्थापना गर्ने कार्यका लागी सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउने ।

ख) विपद्का लागि अत्याधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृर्धि गर्नु ।

ग) विपदको जोखिमलाइ न्युनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

घ) विपद् पिडीत पक्षलाइ आधारभुत आवश्यकताका लागी तत्कालै राहत उपलब्ध गराउनु ।

ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अनि वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

च) विपद्को जोखिम न्युनीकरणको लागी उपयुक्त सूचना प्रकोप पर्वको तयारीका लागी उपलब्ध गराउनु ।

छ) राष्ट्रिय योजना आयोगले बनाएको उदेश्य परिपुर्तीका लागि उन्मुख हुनु ।

ज) विपदकालागी लागु हुने प्रयास रोकथाम मूलक नबनाइ उपचारमूलक बनाउनु ।

झ) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

ञ) विपद् सम्बन्धी सूचना दिने प्रविधिको व्यवस्थापन गर्नु ।

**परिच्छेद - एक**

**संक्षिप्त नाम र प्रारम्भ**

१. संक्षिप्त नामः– यस कार्यविधिको नाम मार्मा गाउँपालिकाको विपद कोष ब्यवस्थापन कार्यविधि २०७४

रहनेछ ।

२ यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

## परिच्छेद –दुई

## परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ,

क) विपद् कोषः- स्थानीय सरकार संचालन सम्बन्धी ऐन २०७४ बमोजिम मार्मा गाउँपालिकामा स्थापित बिपद् कोष बुझिनेछ ।

ख) कार्यविधि भन्नाले मार्मा गाउँपालिकाको विपद् कोष व्यवस्थापन कार्यविधि २०७४ लाइ सम्झनु पर्छ ।

ग) ब्यवस्थापन समितिः- भन्नाले विपद् कोष ब्यवस्थापन कार्यविधि २०७४ सञ्चालन समितिलाई बुझाउछ ।

घ) गा.पा. भन्नालेः- मार्मा गाउँपालिकाको कार्यालय लटीनाथ दार्चुलालाई जनाउछ ।

ङ) विपद् भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तीपुर्ण अवस्था सिर्जना भइ धनजन , पशुचौपायाको क्षतिका साथै जीवनयापनमा प्रतीकुल असर पारी विपद्बाट प्रभावित ब्यक्ति वा समुदायको अफ्नै श्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाहृय सहयोहगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत बुझ्नु पर्छ ।

च) प्राकृतिक विपद् भन्नाले बाढी , अतिवृष्टी , अनाबृष्टी , खडेरी आँधी, असिनापारी , भुकुम्भ , ज्वालामुखी विष्फोट , बाढी , पहिरो , चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणहरु बाट उत्पन्न विपद्लाइ सम्झनु पर्छ ।

छ) गैर प्राकृतिक विपद् भन्नाले महामारी , अनिकाल , डढेलो , कीट आतङ्क , वर्डफ्लु , सर्पदंश, जनावर आतङ्क , खानी दुर्घटना , आगलागी , बिषादियुक्त ग्यास तथा रचायन च्हावट ,विकिरण , ग्यास विष्फोटन विशादियुक्त खाद्य सेवन , वातावरणीय प्रदुषण वा विनास , भौतिक संचरचनाका क्षति  तथा विपद समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदीलाइ सम्झनु पर्छ । ( तर गैर प्राकृतिक विपद्को हकमामदिरा  सेवन गरेको तथा न्युनतम सावधानी नअपनाएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

ज) विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम ब्यबस्थापन र न्युनीकरण , विपद, पुर्वतयारी , विपद पुनर्लाभसंग सम्बन्धीत सम्पुर्ण क्रियाकलापलाइ सम्झनु पर्छ ।

झ) विपद जोखिम न्युनीकरण भन्नाले विपद् पुर्व गरिने विपद जोखिम विश्लेषण तथा मुल्याङ्कन , विपद रोकथाम , विपद अल्पीकरण तथा विकास कार्यमा विपद जोखिम न्युनीकरणको मूलप्रवाहीकरण संग सम्बन्धित कार्य सम्झनुपर्छ ।

ञ) पुर्व तयारी भन्नाले विपद हुनु पुर्व सम्भावित विपद्को प्रतीकारको लागी गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापपन कार्य समेतलाइ सम्झनु पर्छ ।

## <u>परिच्छेद -तीन</u>

## <u>ब्बसथापन समिति गठन</u>

१. गाउँपालिका अध्यक्ष -    संयोजक

२. गाउँपालिका उपाध्यक्ष -   सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४.वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक - सदस्य

५. इलाका प्रहरी कार्यालयका प्रतिनिधि - सदस्य

६. इन्जिनियर /प्राविधिक शाखा प्रमुख - सदस्य

७. नेपाल रेडक्रस सोसाइटीको शाखा प्रतीनिधि -सदस्य

८. गाउँपालिकाको स्वास्थ्य प्रतिनिधि -सदस्य

९. योजना शाखा प्रमुख - सदस्य

आवश्यकता परेमा विपद् कोष ब्यस्थान समितिको बैठकमा अन्य बिशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

४. समितिको काम कर्तव्य र अधिकार

- गाउँपालिका विपद् कोष ब्यबस्थापनका लागी आर्थिक श्रोत ब्यवस्थापन गर्ने ।
- गाउँपालिका विपद् कोष ब्यवस्थापन सञ्चालनका लागी योजना तर्जुमा गरी गाउँसभाबाट स्वीकृत गराइ कार्यक्रम तय गर्ने गराउने।
- विपद्को घटना घट्नु अगावै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट पीडित भएका व्यक्तीका सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाउँमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने ।
- विपदकालागी पुर्व तयारीमा रहने ।
- विपद न्युनीकरण तथा नियन्त्रणको पुर्वाधार गर्न गाउँपालिकालाइ सिफारिस गर्ने ।

## परिच्छेद - ४

## समितिको बैठक

### गणपुरक संख्या

१) समितिको बैठक बस्ने प्रयोजनकालागी ५१ प्रतीशत सदस्यलाइ गणपुरक संख्या मानिनेछ । तर आपतकालीन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

२) ब्यबस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

३) यस समितिका पदाधिकारीले बैठक बसेको दिन गा.पा. का पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन ।

## परिच्छेद - पाँच

**कोषको ब्यवस्थापन र सञ्चालन**

१) यस कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

क) मार्मा गाउँपालिकाबाट बार्षिक रुपमा वपद् व्यवस्थापन कोषमा विनियोजित भएको रकम ।

ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

घ) अन्य श्रोत ।

२) कोषको सञ्चालनः यस कोषको रकम गाउँपालिकाका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ अनुसार खर्च गरिनेछ ।

३) कोषमा जम्मा भएको रकमः- यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागी अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

४) लेखा परीक्षणः- यस कोषको आन्तरिक लेखा परिक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

५) खाता सञ्चालनः- यस कोषको खाता सञ्चालन स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुनेछ ।

**परिच्छेद - छ**

**उद्धार तयारी व्यवस्थापनः**

क) विपद्को जोखिममा रहेको क्षेत्रको ब्यबस्था गर्ने ।

ख) तालिम प्राप्त जनशक्तिका साथै विपद्को समयमा राहतको छरितो व्यविथाको लागि खोज र उद्धार सामग्रीहरुको लागत अद्यावधि गर्नुका साथै आपतकालिन खाद्यान्न , ओषधी एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।

ग) सामाजिक एवं गैरसरकारी संघ सस्था एवं पत्रकारहरुको समेत लिई गाउँपालिका विपद् व्यवस्थापन सम्बन्धि जनचेतना अभिबृर्दि गर्ने ।

घ) विपदको समयमा विस्थापित परिवारहरुलाइ सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय , स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागी अस्थायी रुपमा पुर्नस्थापना गर्न पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने ।

# परिच्छेद – सात

# आपतकालीन उद्धार तथा राहत वितरणः

क) विपद्को घटनामा परी कुनै ब्यक्तीको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रती मृतक रु २००००/- (बीस हजार) का दरले मृतकका परिवारलाइ सहयोग उपलपब्ध गराउने । तर अन्य निकायबाट क्षतीपुर्तीको कानुनमै ब्यवस्था भइ क्षतीपुर्ती पाएमा गा.पा. बाट थप आर्थिक सहायता प्रदान
नगरिने ।

ख) विपद्बाट घर पूर्ण रुपमा नष्ट भएका वा खाद्यान्न जमीन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक ब्यबस्था गर्नको लागी रु २००००/- ( बीस हजार) आंशिक घर क्षती भइ तत्काल मर्मतकालागी ५० हजार तथा ठोष्ट नष्ट भएमा रु ३०००/- ( तीन हजार) प्रती परिवार राहत सहयोग उपलब्ध गराउने ।

ग) विपदको घटनामा परी घाइते हुनेहरुलाइ सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु ३०००/- ( तीन हजार) यातायात खर्च उपलब्ध गराइनेछ ।

घ) विपदको समयमा पीडित परिवारहरुलाइ सुरक्षित स्थानमा राखी शिविर संचालन , आवश्यक सहयोग र समन्वय गर्ने ।

ङ) पीडितहरुलाइ राहत वितरण गर्दा यस कोषको अधिनमा रहि यस समिति मार्फत राहत सहयोग उपलब्ध गराइने छ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलब्ध गराउनु पर्ने तोकिएको राहत रकम वडा अध्यक्षले पीडितलाइ उपलब्ध गराउन सक्नुहुनेछ । यसरी उपलब्ध गराएको रकमको सोधभर्नाकालागी आवश्यक कागजात सहित समितिमा पेश गर्नुपर्नेछ ।

च) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना प्रहरी सरजिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाइते स्वास्थ्य संस्थाको प्रतीवेदन आवश्यक पर्नेछ।

## <u>परिच्छेद - आठ</u>

## <u>अनुगमन तथा प्रतीवेदन सम्बन्धमाः-</u>

१) यो निर्देशिका अनुसार गरिएका काम कार्वाहीको लागी गाउँकार्यपालिकाबाट अनुगमन गरिनेछ ।

२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गरिनेछ ।

## <u>परिच्छेद - नौ</u>

## <u>संशोधन तथा परिमार्जन सम्बन्धमाः-</u>

गाउँपालिका विपद कोषलाइ व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

**परिच्छेद - दश**

**खारेजी तथा बचाउः**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा "स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन २०७४" , "स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४" को नियम तथा अन्य प्रचलीत कानुन संग बाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ ।